

तस्विर : कृषि राज वली, ली-बर्ड

# राजमा खेती प्रविधि

## १. परिचय तथा महत्त्व

राजमा एक महत्त्वपूर्ण दलहन बाली हो । यसमा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन ए, खनिज तत्त्वहरू कार्बोहाइड्रेट पाइने हुँदा यसको पोष्टिक महत्त्व बढी छ । राजमाको सुकेको दाना दालका लागि प्रयोग गरिन्छ । नेपालमा राजमा खेती उच्च पहाडमा वर्षे बालीको रूपमा गरीन्छ भने तराई तथा भित्री मधेशमा हिउँदे बालीको रूपमा गरिदै आएको छ । हाल यसलाई नगदे बालीको रूपमा पनि खेती गर्ने गरिएको पाईन्छ । यसको प्रयोग विवाह, भोज तथा पुजा आजामा यसलाई महत्त्वपूर्ण परिकारको रूपमा लिने गरिन्छ । यो निकै फाइदा जनक र बिक्री गर्न सहज बाली भएकाले यसको खेती क्रमिक रूपमा बढ्दै गएको पाइन्छ । अहिले नेपालमा झण्डै ६,००० हेक्टरमा यसको खेती भइरहेको छ र व्यावसायिक रूपमा चितवन, नवलपरासी, कपिलवस्तु, मकवानपुर, रूपन्देही, बाँके, बर्दिया, सुर्खेत जिल्लाहरूमा राजमा खेती गरिदै आएको छ । साथै यो बालीलाई जङ्गली जनावरले पनि कम क्षति पुऱ्याउने हुनाले राष्ट्रिय निकुन्जहरूको मध्यवर्ति क्षेत्रका कृषकका लागि राम्रो आम्दानी दिने बाली हो । लगानी कम, उत्पादन बढी र बजार मुल्य बढी भएकोले राजमा खेतीमा कृषकहरू आर्कषण बढेको छ ।

## २. हावा पानी

तराई भेगमा धान खेती पछिको मौसम राजमा खेतीका लागि उपुक्त हुन्छ । यसलाई १५-२५ डि.से. तापक्रम उपयुक्त हुन्छ तथा कोसा लाग्नलाई १५-२१ डि.से. तापक्रम चाहिन्छ । कालिमाटी गाउँपालिका वडा नं ७ को क्षेत्र हावापानीका हिसावले राजमा खेतीका लागी उपयुक्तरहेको छ ।

## ३. माटो

राजमा खेती सबै किसिमको माटोमा गर्न सकिने भए पनि दोमट माटो राम्रो मानिन्छ । यसको खेती प्रशस्त प्राङ्गारिक पदार्थयुक्त, पानी नजम्ने दोमट माटो उपयुक्त हुन्छ र माटोको पि.एच् ४.५ देखि ६.५ हुनु पर्दछ । अहिलेको अवस्थामा राजमा धान तथा मकैमा आधारित बाली प्रणालीमा प्रचलित छ ।

## ४. जातहरू र जातीय विशेषता

पि.डि.आर १४, कर्णाली सिमी १, कर्णाली सिमी २, कर्णाली सिमी ३, जुम्ली सिमी, हेटौडे राजमा आदि मुख्य रूपमा खेती गरिदै आएका जातहरू हुन् ।



पि.डि.आर १४ जात, तस्विर : कृषि राज वली, ली-बर्ड

# ५. जमिनको तयारी तथा मलखाद

जमिन तयारी गर्दा बाली लगाउने समयमा ४-५ पटक राम्रोसँग खनजोत गरी माटो बुरबुराउँदो बनाउनुपदर्छ र जमिनको अन्तिम तयारीमा २५ देखि ३० डोका प्रति रोपनीका दरले राम्रो कुहिएको गोबर मल माटोमा मिलाउनु पर्छ साथै पानी नजम्ने गरी जमिन सम्माउनुपर्दछ ।



कृषकले जमिन तयार गरी मल राख्दै, चित्रः ग्रोइनोभा

# ६. बीउ रोप्ने र बाली लिने समय

| भौगोलिक क्षेत्र | बीउ छर्ने समय | बाली लिने समय | कैफियत |
|---|---|---|---|
| उच्च पहाड | जेठ-असार | भदौ-असोज | रोप्ने समय, जात, स्थानीय हावापानी आदि कुराले केही समय फरक हुन सक्छ । |
| मध्य पहाड | जेठ-असार | भदौ-असोज | |
| तराई | कार्तिक-मङ्सिर | माघ-फागुन | |

# ७. बीउ दर र रोप्ने दुरी

» बीउ २ देखि ३ किलोग्राम प्रति रोपनीका दरमा प्रयोग गर्न सकिन्छ ।

» एक लाइनदेखि अर्को लाइनसम्मको दुरी ५० से.मी. र एक बोटदेखि अर्को बोटसम्मको दुरी १० से.मी. कायम गर्नु पर्दछ ।



लाइनमा रोपिएको राजमा, तस्विर : ऋृषि राज वली, ली-बर्ड

# ८. सिँचाइ तथा गोडमेल

बिरूवाको वृद्धि विकासको लागि कम्तिमा दुईपटक गोडमेल गरी माटो खुकुलो बनाउने र झारपात हटाएर पाकेको गोबरमल राख्नु पर्दछ । विशेषगरी फूल फुल्ने र कोसा लाग्ने बेलामा हलुका सिँचाइ आवश्यक पर्छ । सिँचाइ गर्दा फोहोरा सिँचाइ गर्नुपर्छ साथै हजारीले पनि सिँचाइ गर्न सकिन्छ । बालीको अवधिमा ३-४ पटकसम्म पानी दिनु आवश्यक पर्छ ।

# ९. बाली टिप्ने समय र भण्डारण

जात अनुसार बीउ रोपेको १०० देखि १२० दिनमा बाली टिप्न सकिन्छ । बाली टिपी सकेपछि कोसालाई राम्रो घाममा सुकाएर दाना निकाल्नु पर्छ । निकालेको दानालाई दुई/तीन दिन घाममा सुकाएपछि सफा बोरामा राखेर भण्डारण गर्नुपर्छ । बिक्री गर्न जुटको बोरामा हाली लैजानु पर्छ र टाढा लैजादा राम्रोसँग हावा सञ्चालन हुनुपर्छ ।

# १०. सरदर उत्पादन

राजमाको सरदर उत्पादन ८० देखि १०० के.जी प्रति रोपनी हुन्छ ।



बाली लिन तयारी अवस्थामा, तस्विर : ऋृषि राज वली, ली-बर्ड

## ११. राजमा बालीमा लाग्ने मुख्य किरा तथा रोगहरू एवं एकिकृत रोकथामका उपायहरू

### क. कोशामा लाग्ने गवारो

गवारो रोग लागीसकेपछि कोसामा प्वालहरू देखिन्छन् । लाम्रेले आधा शरीर कोशा भित्र पसाएर खाएको प्रष्ट देख्न सकिन्छ ।



गवारो रोग, तस्विर : कृषि बिभाग,नेपाल

### व्यवस्थापन विधि

» न्यूक्लियर पोलिहेड्रोसीस भाइरस हेली (एन.पी.भी.) को १०० एल. ई. को १ मि.ली. वा २०० एल. ई. को ०.५ मि.ली. प्रति लिटर पानीमा मिसाएर बनाएको झोल बेलुकीपख छर्ने । छर्दा २-३ थोपा लुगा धुने निर मिसाइ दिएमा प्रभावकारी हुन्छ ।

» निममा आधारित कीटाणुनाशक विषादीहरू जस्तै मार्गोसोम ०.१ ई.सी. वा मल्टिनिम ०.०३ ई.सी. ५ मि.ली. प्रति लिटर पानीका दरले बनाएको झोल छर्ने ।

### ख. लाही

लाही किराहरू हरिया, फुस्रा र खरानी रङगका हुन्छन् । यसले कलिला र फूल फुल्ने भाग खान बढी रूचाउँछन् ।



लाही रोग, तस्विर : आई.पी.एम. इनोभेसन ल्याब, नेपाल

### व्यवस्थापन विधि


» नीम र सूर्तिसँगै साबुन (साबुन १०० ग्राम + १०० ग्राम सुकेको सूर्ति + २० लिटर पानी) छर्ने ।

» गाईवस्तुको कुहिएको पिसाब १: ५ अनुपातमा पानीमा मिसाएर छर्कने ।

» जैविक विषादी जस्तैः भर्टिसिलिएम लेकानीको प्रयोग गर्ने ।

### ग. सिन्दुरे रोग

सिन्दुरे रोग लाग्दा सुरूमा पातमा मसिना सेता फोकाहरू देखिन्छन् र पछि ती फोकाहरू सिन्दुरे वा खैरो रङ्गमा परिणत भइ फुटेर धूलो निस्कन्छ । कोशामा पनि यस्ता फोकाहरू देखिन सक्छन् । रोग लागेका पातहरू पहेलिएर सुकेर बोट चाँडै मर्छ ।



सिन्दुरे रोग, तस्विर : आई.पी.एम. इनोभेसन ल्याब, नेपाल

### व्यवस्थापन विधि

» रोगी बोटका भागहरू, ठुटाहरू अनि झारपातहरू बटुलेर जलाई खेतवारी सफा राख्ने ।

» बीउ उत्पादन गर्ने बालीमा भए रोग देखा पर्ना साथ गन्धक र चून १ : २ भागको अनुपातमा मिसाएर मलमलको कपडामा पोको पारेर छर्ने ।

## १२. बजार व्यवस्थापन

उत्पादन तथा खपतको दृष्टिकोणले राजमा महत्त्वपूर्ण बाली हो । उत्पादित राजमा स्थानीय स्तरमा सङ्कलन केन्द्र वा बजारमा पुऱ्याएर आफैंले वा थोक वा खुद्रा व्यापारी मार्फत बिक्रि गर्न सकिन्छ । समुहमा मिलेर कृषि सहकारी संस्थाहरू मार्फत सङ्कलन गरेर बजारसम्म पुऱ्याउँदा राम्रो मूल्य पाउँन सकिन्छ भने ढुवानी खर्च र नोक्सानी घटाउँन सकिन्छ ।


कृषकले बजारमा लगेर राजमा बेच्दै, चित्रः ग्रोइनोभा

## १३. बजारीकरणका लागि सर्म्पक विवरण

| क्र.सं. | मण्डी तथा स्टलको नाम | ठेगाना | मोबाइल नम्बर |
|---|---|---|---|
| १ | न्यू संध्या स्टोर | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८५८०५२६६८ |
| २ | चन्दननाथ खाद्य तथा किराना पसल | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८६५५४७१०४ |
| ३ | प्रचि जनरल स्टोर | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८४८१९२६५७ |
| ४ | आचार्य खाद्य तथा किराना पसल | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८४८०७८०७५ |
| ५ | प्रकाश जनरल स्टोर | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८६०९२४१४२ |
| ६ | भटराई खाद्य स्टोर | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८५८०५६९३६ |
| ७ | देउती खाद्य तथा किरान पसल | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८४८०४७१६८ |
| ८ | श्रीराम स्टोर | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८४८०२५२४८ |
| ९ | न्यू सुर्खेत खाद्य तथा जनरल स्टोर | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८०४५०८२८४ |
| १० | मदन स्टोर | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८४५२५२८९५ |
| ११ | खडकामाई सप्लार्यस | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८६३४०७६०५ |
| १२ | गंगामाला खाद्य स्टोर | वीरेन्द्रनगर नगरपालिका, सुर्खेत | ९८४८००४३३१ |

### १३.१ कृषि वजार व्यवस्थापन समिति पदाधिकारीहरूको सम्पर्क नम्बर

#### सुर्खेत

| नाम | पद | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|
| टोपेन्द्र जंग शाही | अध्यक्ष | वी.न.पा. ६ सुर्खेत | ९८४८०४७३७८ |
| डिल्ली प्रसाद पाण्डे | सदस्य | वी.न.पा. ८ सुर्खेत | ९८५८०५०२१३ |
| लक्ष्मी पौडेल | सदस्य | भेरीगंगा.न.पा. ४ सुर्खेत | ९८६८९११२५९ |

#### कोहोलपुर

| नाम | पद | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|
| उदयराम वली | कोहोलपुर तरकारी बजार समिति अध्यक्ष | कोहोलपुर,बाँके | ९८४८१७१३१२ |
| चित्रा पाठक | व्यवस्थापक | कोहोलपुर, बाँके | ९८५८०३४०३० |

## सन्दर्भ सामग्री


» गोबिन्द राज कोइराला : २०७७, तरकारी खेती प्रविधि पुस्तिका । कृषि ज्ञान केन्द्र, म्याग्दी गण्डकी प्रदेश, नेपाल ।

» कृषि डायरी : २०७८, कृषि सूचना तथा प्रशिक्षण केन्द्र ।

» तरकारी खेती प्रविधि : २०६८, कृषि तथा सहकारी मन्त्रालय कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा सिंहदरबार, काठमाडौं, नेपाल ।



थप जानकारीका लागि सम्पर्क

**जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)**

प्रधान कार्यालय : पो.ब.नं. ३२४, पोखरा, कास्की फोन : ०६१-५७६८३४, ५८५३५७ । इमेल : info@libird.org

कार्यक्रम समन्वय कार्यालय : सानेपा, ललितपुर फोन : ०१-५४४०३३० । वेब : www.libird.org

तयारकर्ता : ऋषि राज वली र नर्तम बहादुर बोगटी, ली-बर्ड

डिजाइन तथा लेआउट : हेम जि.सी, ली-बर्ड



यस खेती प्रविधि सम्बन्धी जानकारी रियलाईज (REALIZE) परियोजनाद्वारा तयार पारिएको हो।

JOA JERSEY OVERSEAS AID

Renewable World TACKLING POVERTY THROUGH RENEWABLE ENERGY

LI-BIRD